बडिगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ग्वालिचौर, बागलुङ्ग

मो.नं.९८५७६७६४४४
फोन:०६८६२००६७
०६८६२००६१

गण्डकी प्रदेश नेपाल

पत्र संख्या:०७९/०८०
च.नं.

## कवाडी माल वस्तुको निकासी करको लागि बोलपत्र आव्हान सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशन मितिः २०७९/४/२९)

स्थानिय सरकार संचालन ऐन २०७४, को दफा ६२ क, र यस बडिगाड गाउँपालिकाको आर्थिक ऐन २०७८ को दफा ६ को ब्यबस्था बमोजिम यस गाउँपालिका क्षेत्रबाट निकासी हुने पुन प्रयोगमा आउने र नआउने कवाडी माल बस्तुको निकासी करको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाण पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरीकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न गरी तपसिल बमोजिमको शर्तको अधिनमा रहि बोलपत्र प्रकृयामा सहभागि हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरीएको छ।

तपसिल

| सि.नं. | बोलपत्र नं. | बोलपत्रको नाम | न्यूनतम बोलपत्र रकम ( सेवा शुल्क र मु.अ. कर सहित) | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | BRM/1-2079/080 | बाडिगाड गाउँपालिका क्षेत्रबाट निकासी हुने पुन प्रयोगमा आउने र नआउने कवाडी माल बस्तुको निकासी | १०००००/– ( एक लाख मात्र) | कबोल अंकको कम्तीमा ५% ले हुन आउने रकम | १०००/– |

शर्तहरुः

१–फर्मको हकमा नविकरण भएको फर्म दर्ता प्रमाण पत्र, मुल्य अभिबृद्धि दर्ता प्रमाण पत्र, आ.व. २०७७/०७८ को कर चुक्ता प्रामाणपत्रको प्रमाणित प्रतिलिपी र ब्यक्तिको हकमा नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, बोलपत्र दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा प्रभु बैंक शाखा कार्यालय बडिगाडमा रहेको यस कार्यालयको खाता नं.१४२०११५८०४७०००७१ मा नगद जम्मा गरेको नगद भौचर साथ निबेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५औं दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फाराम खरीद गर्न सकिनेछ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालय मा नगदै जम्मा गरेको रसिद वा यस कार्यालयका माथि उल्लिखित बैंकको खाता नं. १४२०११५८०४७०००७१मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धि कागजात साथ संलग्न गर्नु पर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुने छ।

२– बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ बोलपत्रदाता नेपाली नागरीक भए आफूले कबोल गरेको अंकको ५% (प्रतिशत)ले हुन आउने धरौती रकम र बोलपत्रदाता बिदेसी नागरीक भए आफुले कबोल गरेको अंकको १०% (प्रतिशत)ले हुन आउने धरौती रकम यस कार्यालयको प्रभु बैंक बडिगाड शाखामा रहेको धरौती खाता नं.१४२०११५८०४७०००४१ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरीएको बिड बण्ड सिलबन्दीखाम सहित पेश गर्नु पर्नेछ।

३– खरीद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपाईटरको नाम, ठेगाना, फोन नं., मोवाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशन भएका मितिले १६औं दिनको १२:००बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

बडिगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ग्वालिचौर, बागलुङ्ग
गण्डकी प्रदेश नेपाल
मो.नं.९८५७६७६४४४
फोन:०६८६२००६७
०६८६२००६१

पत्र संख्या:०७९/०८०
च.नं.

४– एक फर्म वा संस्थाको नाममा खरीद गरीएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:००बजे देखि बिभिन्न कार्यालयको प्रतिनीधि, बोलपत्रदाता वा नीजको प्रतिनीधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा नीजको प्रतिनीधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरीनेछ।

५– बोलपत्र सम्बन्धी बिस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरीएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालोमा सम्पर्क गर्न सकिनेछ। म्याद नाघि , रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न कार्यालय बाध्य हुने छैन। बालपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६– बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिन भित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५०%ले हुन आउने रकम अनिवार्य बुझाउन पर्नेछ। दोस्रो किस्ता बापतको ५०% ले हुन आउने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८० भदौ मसान्त सम्म म्याद सहित जारी गरीएको बैंक ग्यारेन्टी ( परफरमेन्स बन्ड) समेत पेश गरी उठाउनु पर्नेछ। बोलपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार १३% मूल्य अभिबृद्धि कर रकम समेत यस कार्यालयमा बुझाउन पर्नेछ। नियमानुसार नेपाल सरकारलाई आय कर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

७– तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोबस्त गरीनेछ।

२०७९/०४/२९

प्रमुख प्रशासकीय अधिकृत